

# अध्याय -१३

## परमप्रभुको प्रतिक्षा गर्नु

यस अध्यायका मुल पदहरू: भजन २७:१४; रोमी ८:१८-२५; भजन १३१; मत्ती १८:३; भजन १२६; भजन ९२; मर्कूस १६:१-८ र २ पत्रुस १:१९।

<u>यस अध्यायको मुल सार पद:</u> *"परमप्रभुको प्रतीक्षा गर। बलिया होऊ, र तिम्रो हृदय साहसिलो होस्, र परमप्रभुकै प्रतीक्षा गर।" भजन २७:१४।*

भजनसंग्रहको पुस्तकको अध्ययनको अन्तिम भागमा हामी आइपुगेका छौं। सृष्टिकर्ता महाराजा र न्यायकर्तासँग श्रद्धामय अनुभव गर्दै हामी आत्मिक यात्रा गऱ्यौं। यस क्रममा हामीले विभिन्न विषयवस्तुहरूमा आँखा लगाउन पायौं। परमेश्वरले गर्नुभएको र गर्नुहुने आनन्दमय उद्धार,क्षमा,मुक्तिका विषयहरूलाई हामीले हेऱ्यौं। दु:ख, कष्ट, बिलाप र अफसोचको समयमा पनि हाम्रो जीवन उहाँमा समर्पित गरिरहनुपर्छ, उहाँको अनन्तको उपस्थितिका महिमित प्रतिज्ञाहरू र परमेश्वरको जगतव्यापी आराधनामा सहभागी हुने अपेक्षा पनि हामीले अध्ययन गऱ्यौं। तर हाम्रो आत्मिक यात्राको अन्त्य भएको छैन। येशूको आगमनको आशामा रहेर हाम्रो यात्रा जारी नै छ। अन्तमा परमेश्वरको लक्ष्य पुरा हुने आशामा हामी अघि बढिरहेकाछौं। भजनसंग्रहको पुस्तकबाट अन्तिम शब्द हामीमा गाभिनु पर्छ भने "प्रभुमा प्रतिक्षा गर" भन्ने नै हुनुपर्दछ।

परमेश्वरमा प्रतिक्षा गर्नु वा उहाँलाई पर्खनुको अर्थ केही नगरी हात बाँधेर बस्नु र समयलाई खेर फालेर बस्ने होइन। बरु उहाँमाथि पूरा भरोसा र आस्था राख्दै पूरै सक्रिय भएर उहाँको प्रतिक्षा गर्नु हो। परमेश्वरमा कतिको भरोसा र विश्वास छ भनेर देखाउन कुनै कुटीमा चुपचाप बस्ने नभएर क्रियाकलापद्वारा उहाँप्रतिको आस्था प्रकट गर्नु हो। हाम्रो अन्धकारमय संसार एक दिन सुनौलो र चहकिलो बिहानमा परिणत हुनेछ भनेर प्रभुमा प्रतिक्षा गर्दै जिउनुपर्दछ (भजन ३०:५, भजन १४३:८)। हाम्रो हृदयलाई त्यस आशाले बल दिन्छ। आशा र शान्तिले हाम्रो हृदय भरिराख्नुपर्दछ। प्रभुको कार्यक्षेत्रमा अझ बढि लगनशील भएर प्रसस्त कटानी गर्न हामी कडा परिश्रम गर्नुपर्दछ (भजन १२६:६, मत्ती ९:३६-३८)। परमेश्वरमा पर्खँदा हामीलाई कहिल्यै पनि  लज्जामा पर्नेछैनौं। तर उहाँमा पर्खिनेहरूलाई उहाँले प्रसस्त इनाम दिनुहुनेछ किनभने उहाँका प्रतिज्ञाहरूमा प्रभु विश्वासिलो हुनुहुन्छ (भजन ३७:१-११,१८,३४; ७१:१; ११९:१३७,१३८)।

## १. प्रतिक्षा गर्न आह्वान

**देहायका पदहरूमा परमेश्वरका जनहरूले के गर्नुपर्छ भनेर आग्रह गरिएको छ? हेर्नुहोस्, भजन २७:१४ "परमप्रभुको प्रतीक्षा गर। बलिया होऊ, र तिम्रो हृदय साहसिलो होस्, र परमप्रभुकै प्रतीक्षा गर।", भजन ३७:७-९,३७-४० "७ परमप्रभुको सामुन्ने मौन बस र धैर्यपूर्वक उहाँको प्रतीक्षा गर। मानिस आफ्ना कुमार्गमा फलिफाप हुँदा र त्यसले खराब युक्तिहरू कार्यान्वयन गर्दा तिमी झर्को नमान। ८ रिसाउन छोड र क्रोधलाई त्याग। झर्को नमान, यसले खराबी गर्नीतिर मात्र ढल्काउँछ। ९ किनकि कुकर्मीहरू बहिष्कृत हुनेछन्, तर परमप्रभुको प्रतीक्षा गर्नेहरूले देश अधिकार गर्नेछन्।३७ निर्दोष मानिसलाई विचार गर, र सत्यनिष्ठ जनलाई हेर, किनभने शान्तिप्रिय मानिसको सन्तान हुन्छ। ३८ तर अपराधीहरूचाहिँ सखापै हुनेछन्, दुष्टका सन्तानचाहिँ बहिष्कृत हुनेछन्। ३९ धर्मी जनहरूको उद्धार परमप्रभुको तर्फबाट हुन्छ, दुःखको समयमा उहाँ नै तिनीहरूको शरणस्थान हुनुहुन्छ। ४० परमप्रभुले तिनीहरूलाई मदत गर्नुहुन्छ र तिनीहरूको उद्धार गर्नुहुन्छ, उहाँले तिनीहरूलाई दुष्टबाट छुटाएर तिनीहरूलाई बचाउनुहुन्छ, किनभने तिनीहरूले उहाँको शरण लिन्छन्।", भजन ३९:७ "अब हे परमप्रभु, म केको निम्ति प्रतीक्षा गर्दछु? मेरो आशा त तपाईंमा नै छ।" भजन ६९:६ "तपाईंमा आशा राख्नेहरू मेरो कारणले**

अनादरमा नपरून्, हे परमप्रभु, सर्वशक्तिमान् परमप्रभु। हे इस्राएलका परमेश्वर, तपाईंलाई खोज्नेहरू मेरो कारणले शर्ममा नपरून्।", गलाती ५:५ "हामी पवित्र आत्माद्वारा विश्वासबाट धार्मिकताका आशाको प्रतीक्षा गर्छौं।" र रोमी ८:१८-२५ "१८ म विचार गर्दछु, कि हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरू तुलना गर्न योग्य छैनन्। १९ सृष्टि बड़ो उत्कण्ठाले परमेश्वरका पुत्रहरू प्रकट हुने कुराको प्रतीक्षा गर्छ। २० सृष्टि व्यर्थताको वशमा पारियो, त्यसको आफ्नै इच्छाले होइन, तर उहाँको इच्छाले, जसले त्यसलाई वशमा पार्नुभयो, यसै आशामा, २१ कि सृष्टि त्यसको आफ्नै विनाशको बन्धनबाट मुक्त गराइनेछ, र त्यसले पनि परमेश्वरका सन्तानको महिमित स्वतन्त्रता प्राप्त गर्नेछ। २२ हामी जान्दछौं, सारा सृष्टि अहिलेसम्म एकसाथ प्रसववेदनाको आर्तनाद गरिरहेछ। २३ सृष्टि मात्र होइन, तर हामी आफै पनि, जसमा पवित्र आत्माको पहिलो फल छ, सन्तानको रूपमा ग्रहण गरिनलाई, अर्थात् हाम्रो देहको उद्धारको निम्ति प्रतीक्षा गरेर हामी आफै पनि भित्र-भित्रै आर्तनाद गर्दछौं। २४ किनकि यही आशामा हामीले मुक्ति पाएका थियौं। अब देखिनेचाहिँ आशा त आशा नै होइन। किनकि देखेका कुराको आशा कसले गर्छ र? २५ तर यदि हामी आफूले नदेखेका कुराको आशा गर्छौं भने, धैर्यसाथ हामी त्यसको प्रतीक्षा गर्छौं।"

हाम्रो जीवनमा धेरै तनावहरूको सामना गर्नुपर्छ। ती तनावहरूमा सायद सबभन्दा ठूलो त पर्खिरहने तनाव हुन होला। हामी जो भएतापनि, जहाँ रहेतापनि र जे काममा लागेतापनि हामी सबै जना कुनै न कुनै कुराको निम्ति पर्खिरहेका हुन्छौं। पसलमा होस् वा डाक्टरकहाँ होस् हामी पर्खिनुपर्ने वाध्य हुन्छ जुन् हामीलाई सधैं मन पर्दैन, मन पर्छ त?

अनि परमेश्वरको लागि पर्खिने कुरामा हामी के भन्ने त? प्रभुमा पर्खिने वा उहाँका प्रतिज्ञाहरूमा प्रतिक्षा गर्ने भन्ने कुरा केवल भजनका पुस्तकहरूमा मात्र होइन सारा बाइबलमा छरिएको छ। यस शब्दलाई परिचालन गर्ने शब्द लगनशीलता वा धैर्य धारण गर्नु हो। निराशको समयमा धैर्यधारण गरी अघि बढिरहनु नै हामीमा हुनुपर्ने सर्वोच्च समर्पित गुण हो। हामीले प्रतिक्षा गर्दा हामीले अपेक्षा गरेको अनुसार परमेश्वर हाम्रो बाटोमा नआउन सक्छ। परमेश्वरमा समर्पित भक्तमा पर्खिने बानी हुन्छ। परमेश्वर विश्वास योग्य हुनुहुन्छ र उहाँमा भरोसा राख्न सक्छौं भन्ने आत्मज्ञान उसमा हुन्छ। हाम्रा सबै सहज र असहज परिस्थिति वा समस्याहरू उहाँलाई नै सुम्पे हाम्रै चरम

हितको निम्ति क्रियाशील हुनेछ भनेर प्रभुमा भरोसा राख्दै अघि बढिरहनुपर्दछ। कतिपय समयमा हामी अघि बढ्ने बाटो नदेखिन सक्छ।

परमेश्वरले उहाँको समयमा काम गर्नुहुनेछ भनेर पर्खिनुको अर्थ हल्लेर बस्ने होइन। सुख्खा मरुभूमिमा पानीको निम्ति प्यास गर्नु जस्तै (भजन ६३:१) उहाँको तिब्र चाहना गर्नु हो। परमेश्वरले दिनु हुने धेरै आशिषहरूको निम्ति भजनका लेखक प्रतिक्षा गर्दछन्। तर परमेश्वरको नजिक हुने तिब्र चाहना अरू सबै चाहनाहरूभन्दा सर्वोपरी हुनुपर्दछ। हाम्रो जीवनका सबै आवश्यकताहरूभन्दा उहाँसँग रहने चाहना उच्च हुनुपर्दछ।

पावलले रोमीको पुस्तकमा अचम्म लाग्दो भावना व्यक्त गरेका छन्। परमेश्वर र सारा सृष्टि नै संसारको पुनर्स्थापनाको निम्ति पर्खिरहेका छन्। युगको अन्तमा परमेश्वर र उहाँका जनहरूको बीचमा मिलन हुने आशिषको समयको प्रतिक्षामा परमेश्वर र उहाँका जनहरू छन्। पावलले लेख्दछन्: "सृष्टि बड़ो उत्कण्ठाले परमेश्वरका पुत्रहरू प्रकट हुने कुराको प्रतीक्षा गर्छ।" रोमी ८:१९। यो कस्तो विश्वासै गर्न नसकिने प्रतिज्ञा हो!

यद्यपि, मुक्तिलाई मूर्त रूप दिन र परमेश्वरसँग मिलन हुन पर्खिरहेको समयमा सारा सृष्टि नै प्रसब बेदना जस्तै आर्तनाद गरिरहेको हुन्छ (रोमी ८:२२)। अहिलेको समयमा पनि परमेश्वर आफ्ना जनहरूसँग पवित्र आत्माद्वारा साथ दिइरहनुभएको छ। यस परिवेशमा मुक्तिको योजनाको गवाही बन्न हामीलाई बोलाइएको छ (प्रेरित १:४-८)। मुक्तिको योजना नयाँ सृष्टिका साकार हुनेछ। त्यही नयाँ सृष्टिको निम्ति हामी पर्खिरहेकाछौं। हामी एडभेन्टिस्ट इसाईहरूको आशा नै परमेश्वरले दिनुहुने मुक्तिको योजनाको अन्तिम रूप हो। एडभेन्टिस्ट भन्ने शब्दले नै त्यही आशाको निम्ति पर्खिरहेको भन्ने बुझाउँछ। हामी प्रतिक्षा गर्छौं तर हामीलाई थाहा छ यो बेकारको होइन। येशूको पहिलो आगमनमा उहाँको मृत्यु र पुनरुत्थान नै उहाँको दोस्रो आगमनको ग्यारेन्टी हो। दोस्रो महिमित आगमनको निम्ति नै उहाँ पहिला मानव चोला लिएर आउनुभएको थियो।

***परमेश्वरबाट तपाईंले के अपेक्षाहरू गरेर पर्खिरहनुभएको छ? उहाँमा विश्वास र भरोसा राखेर पर्खिन कसरी सिक्दछौं? विशेष गरेर हामीले प्रार्थना गर्दा पनि त्यसको जवाफ हामीले अपेक्षा गरेको अनुसार नपाएतापनि उहाँमाथि को निष्ठामा किन ढलमलिनु हुन्न?***

## २. आमाको दुध छोडाएको बालकमा हुने शान्ति

**परमेश्वरसँगको हाम्रो सम्बन्धको बारेमा भजन १३१ले कसरी खुलासा गरिएको छ? हेर्नुहोस्, "१ हे परमप्रभु, मेरो हृदय अहङ्कारी छैन, मेरा आँखा घमण्डी छैनन्। आफूले नभ्याउने कुराहरू अनि उदेकका थोकहरूमा म आफैलाई अल्झाउँदिनँ। २ तर मैले मेरो प्राणलाई स्थिर र शान्त तुल्याएको छु, आमासँग बसेर शान्त भएको बालकझैं, आमाको दूध छोडाइएको बालकझैं मेरो प्राण शान्त छ। ३ हे इस्राएल, आज अनि सदासर्वदा परमप्रभुमा नै आशा राख्।"**

परमेश्वरका भक्तहरूलाई नै दुःख, कष्ट र सताउने विश्वमा उहाँका भक्तहरू बाँच्नु परेको छ। यस संसार प्रलोभन र सैतानका चालबाजीले भरिएको छ। यो संसारमा सबै सुविस्तासँग बाच्न कठिन छ। आफू परमेश्वरको बालक हो भन्ने ताजा विश्वास र उसको जीवन परमेश्वरमा नै भर पर्दछ भन्ने धारणाले भजनका लेखकले सान्त्वना पाउँदछ। भजनका लेखक जतिसुकै हस्ती भएतापनि उनी परमेश्वरको सानो बालक हुन् भन्ने धारणाले उनका सबै घमण्ड, प्रतिष्ठा आदि चक्नाचुर हुन्छ। परमेश्वरको अगाडि आफ्नो सबै मान, मर्यादा, धनसम्पत्ति, यश आदिको कुनै मूल्य हुँदैन। अहंकार गर्ने वा घमण्ड गर्नु धोखा हो। यसले मानिस आफै सबैको केन्द्रविन्दु हो भनेर सिकाउँछ र आफूभन्दा पर उसले हेर्न असक्षम हुन जान्छ। परमेश्वरको उच्च वास्तविकतालाई अहँकारी, घमण्ड **र सेखी** गर्नेले देख्न नसक्ने हुँदा त्यो व्यक्ति अन्धो हुन्छ। त्यसको विपरित धर्मीहरूले तिनीहरूका आँखाहरू परमेश्वरतिर लगाउँछन् (भजन १२३:१,२)। परमेश्वरको महानतालाई स्वीकार गर्दा त्यो तिनीहरू नम्र हुन्छन्, स्वार्थी हुने, आफ्नो भाऊ खोज्ने र बेकारका महत्त्वाकाँक्षाबाट तिनीहरू स्वतन्त्र हुन्छन्। आफूले नभ्याएका वा आफूलाई नसुम्पेका ठुला ठुला कुरा विषयवस्तुहरूमा र धेरै उच्च मामिलामा आफू संलघ्न नहुने वा नअल्झिने भनेर भजनका लेखकले प्रतिवद्धता गर्दछन् (भजन १३१:१)। संसारमा परमेश्वरका कामहरू कुनै पनि मानवीय समझशक्ति भन्दा अपार छन् भनेर उपर्युक्त भावना व्यक्त गरिएको छ। सानो भन्दा सानो वा सरल वस्तुहरूको संरचना कतिको जटिल छ र हाम्रो समझशक्ति भन्दा बाहिरको छ भनेर आधुनिक विज्ञानले नै प्रमाणित गरिरहेको छ। अझ भन्ने हो भने यस भौतिक संसारको जतिसुकै ज्ञान भएतापनि अझ कतिपय थोकहरू अत्यन्त रहस्यमय भइरहेको पाइरहेको छ।

अनि त्यसैबेला भजन १३१:२मा दुध छोडाएको बालक झैं भन्ने चित्रण अत्यन्तै प्रभावकारी छ। परमेश्वरको सामु शान्त र चुपचाप बस्नुपर्ने भावना त्यसले व्यक्त गर्दछ। परमेश्वरलाई नै च्यापेर बस्नुपर्छ भनिएको छ। आफ्नी प्रिय आमासँगको सम्बन्धलाई त्यस पदले औंल्याउँछ। जन्मैदेखि ठूलो नहुञ्जेल आमासँग गहिरो सम्बन्ध हुन्छ। बालकको वृद्धि विभिन्न तहमा उकालो जाँदै गर्ला तर आमाको प्यार हृदयमा टाँसीरहेकै हुन्छ। हामी अनावश्यक थोक र घमण्डबाट हट्दै गर्दा परमेश्वरले हामीलाई खँदिलो खाना दिनुहुन्छ। त्यो खानाको बारेमा येशूले व्यक्त गर्नुभएको थियो, **"मलाई** पठाउनेको इच्छा पूरा गर्नु र उहाँको काम सिध्याउनु नै मेरो खाना हो" (यूहन्ना ४:३४, हिब्रू ५:१२-१४)। भजन १३१ मा उल्लेख गरिएको बालकको जस्तै भरोसाले परिपक्व विश्वास वा निष्ठालाई बताउँछ। जीवनमा आउने कठिन परिस्थितिबाट गुज्रिन्दै परमेश्वर प्रति आस्थावान हुने र उहाँको वचनप्रति सत्यवादी हुने येशूभक्तको चरित्र हुन्छ। आफ्नो जीवनको आधार नै उसले परमेश्वरमा भेट्टाएको हुन्छ। यस भजनको अन्तमा परमेश्वरका जनहरूको हुने हितमा ध्यान आकर्षित गर्दछ। अन्तमा आएर, परमेश्वरप्रति हाम्रो अनुभवले चर्चलाई बलियो बनाउन हामीलाई आह्वान गरिएको छ। हामीप्रति परमेश्वरको विश्वसनीयता र भलाइलाई व्यक्तिगत रूपमा अनुभव गर्न सक्यौं भने विश्वासमा सङ्घर्ष गरिरहनेहरूलाई हामीले बलियो बनाउन सक्ने हुन्छौं। चर्चमै हामीले येशूको बारेमा गवाही दिन सक्छौं। चर्चमा नै धेरै जनाले येशूको प्यारको अनुभव गर्न आवश्यक भइरहेको हुन्छ।

**"१ त्यही समय चेलाहरू येशूकहाँ आएर सोधे, "स्वर्गको राज्यमा सबैभन्दा महान् को हो?" २ उहाँले एउटा सानो बालकलाई नजिक बोलाएर तिनीहरूका माझमा उभ्याउनुभयो, ३ र भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, मन परिवर्तन भएर तिमीहरू साना बालकहरूजस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौ। ४ जसले यो सानो बालकजस्तै आफूलाई नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा महान् हुनेछ। ५ जसले मेरो नाउँमा एउटा यस्तो बालकलाई ग्रहण गर्छ, त्यसले मलाई ग्रहण गर्छ।" मत्ती १८:१-५। येशूले यहाँ हामीलाई के भनिरहनुभएको छ? हाम्रो निम्ति त्यसको व्यवाहारिक पक्ष के हो?**

## ३. बाली भित्र्याउनु

**भजन १२६ पढ्नुहोस्। परमेश्वरका जनहरूलाई बल र आशा केले दिएको हुन्छ? यहाँ के चर्चा गरिएको छ जसबाट हाम्रै वर्तमान जीवनमा प्रयोग गर्न सक्छौं वा अनुभव गर्न सक्छौं? हेर्नुहोस्, "१ जब परमप्रभुले सियोनका निर्वासितहरूलाई फर्काएर ल्याउनुभयो, तब हामी सपना देख्नेहरूजस्ता थियौं। २ तब हाम्रो मुख हाँसोले, र हाम्रो जिब्रो आनन्दको आवाजले भरिए। तब जातिहरूका बीचमा यसो भनियो, "परमप्रभुले तिनीहरूका निम्ति महान् काम गर्नुभएको छ।" ३ परमप्रभुले हाम्रा निम्ति महान् काम गर्नुभएको छ, र हामी आनन्दले भरिएका छौं। ४ हे परमप्रभु, नेगेव देशका नदीहरू उर्लेझैं, हाम्रा सुख-शान्ति फर्काइदिनुहोस्। ५ आँसुको साथमा छर्नेहरूले आनन्दका गीत गाउँदै कटनी गर्नेछन्। ६ जो रुँदै-रुँदै बीउ बोकेर छर्न जान्छ, त्यो फसलका बिटाहरू बोकेर आनन्दले गीत गाउँदै फर्कनेछ।"**

विगतको समयमा परमेश्वरले अचम्म तरिकाले उद्धार गर्नुभएको स्मरण गर्दा परमेश्वरका जनहरूको निम्ति कहिल्यै नसुक्ने प्रेरणाको स्रोत हुन्छ। तिनीहरूको भविष्यको आशाको स्रोत पनि त्यही हुन्छ। विगतको उद्धारीय कार्य यस्तो महान् छ कि त्यो त सपना नै पूरा भएको जस्तै अनुभव हुन्छ (यशैया २९:७,८)। परमेश्वरको प्रशंसा गर्ने त्यो पुस्ता हो जसलाई उहाँले युद्ध बन्दीबाट उद्धार गर्नुभएको थियो (भजन १२६:१) तर अहिले तिनीहरू नै बन्दकमा छन् भनेर भजन १२६:४ले आभास दिन्छ। यद्यपि, विगतको आनन्द र राहतलाई भजनहरूद्वारा व्यक्त गरिएको भावनाले वर्तमान अनुभवलाई हौशला दिएको हुन्छ। बाइबलको इतिहासलाई नयाँ पुस्ताले जीवित राखेको हुन्छ। बर्तमान पुस्ताले पनि ती विगतका घट्नाहरूको प्रत्यक्षदर्शी भएको जस्तै ती घट्नाहरूको याद गर्दै तिनीहरूलाई जीवित राखिरहेको हुन्छ। यसरी परमेश्वरले विगतमा जे महान् कामहरू गर्नुभयो त्यसलाई उहाँका भक्तजनहरूले हृदयमा सजाइ राख्दा हाम्रै आस्थालाई जीवित राख्न सक्छ। विगतको इतिहासमा उहाँका भक्तजनहरूलाई मात्र होइन हामीलाई पनि परमेश्वरले उद्धार गर्नु हुन्छ भन्ने आशा जलाइ राख्न सक्छौं।

विगतको स्मरणले वर्तमान आशालाई नविकरण गर्न स्फूर्ति प्रदान गर्न सक्छ। "दक्षिणको खोलो" भन्ने चित्रणले (भजन १२६:४) आफ्ना जनहरूको निम्ति परमेश्वरले प्रभावकारी काम गर्नुभएको थियो भनेर देखाउँछ। यहूदाको दक्षिण प्रान्त मरुभूमि थियो। वर्षाको याममा त्यहाँका खोलाहरू अचानक

सृजना भएर द्रुत गतिले बग्दथ्यो। त्यस क्षेत्रमा आउने बसन्त ऋतुको र वर्षा याममा वर्षिने पानीले त्यस स्थानको खेतबारीलाई सफल बनाउँथ्यो (व्यवस्था ११:१४, २८:१२)। त्यसरी नै आँशु बगाएर रोप्ने र आनन्दले कटानी गर्ने (भजन १२६:५,६) चित्रणले परमेश्वरको शक्तिशाली प्रतिज्ञालाई बुझाउँछ। कठिन परिस्थितिमा पनि परमेश्वरले अगुवाइ गर्नुभएर भविष्यको खुशीयालीमा विश्वासीहरू सहभागी हुने प्रतिज्ञाको आभास दिन्छ। पौराणिक कालमा बाली काट्ने समयमा इस्राएलीहरूले पहिलो फसल यरुशलेमको मन्दिरमा चढाउन ल्याइन्थ्यो (प्रस्थान ३४:२२,२६)। बाली भित्र्याउने समय भनेको ती इस्राएलीहरूको निम्ति आत्मिक पाठ हुन्थ्यो। कठिन परिश्रम गर्दा खेतबारी र बगैंचामा प्रशस्त फसल हुन्थ्यो। ती प्रशस्त फसलहरू तिनीहरूको इनाम हुन्थ्यो जसले तिनीहरूलाई आनन्द ल्याउँथ्यो। त्यो तिनीहरूको निम्ति आत्मिक प्रतीक पनि थियो। वर्तमान समयमा परमेश्वरका जनहरूले दुःखकष्ट पाउँदा युगको अन्तमा तिनीहरूले मुक्तिको आनन्द उपभोग गर्न सक्नेछ। प्रशस्त फसलको चित्रणले परमेश्वरको राज्यको पुनर्स्थापनालाई औंल्याउँछ। यो यसै पृथ्वीमा येशूको दोस्रो आगमनमा सम्पन्न हुनेछ (आमोस ९:१३-१५, मत्ती ९:२७)। यहाँ पनि प्रतिक्षा गर्नुपर्ने विषयवस्तुलाई औंल्याउँछ। जसरी बाली लगाउँदा त्यसको कटानी गर्न पर्खिनुपर्दछ त्यसरी नै हाम्रो परिश्रमको फल र नतिजाको निम्ति हामी पर्खिनुपर्दछ।

***तपाईंको र अरूको जीवनमा परमेश्वरले नबिर्‍याइकन काम गर्नुभएको बारेमा सोच्नु होस्। अहिले तपाईं जुन सुकै परिस्थितिमा भएतापनि विगतको अनुभवहरूबाट तपाईंले कस्तो आशा पाउन सक्नुहुन्छ?***

## ४. परमेश्वरको साबथको विश्रामको निम्ति प्रतिक्षा

**साबथ दिनमा गाउने भजनमा दुई उल्लेखनीय पक्षहरू के हुन्?, हेर्नुहोस् भजन ९२ "१ परमप्रभुको प्रशंसा गर्नु, र हे सर्वोच्च, तपाईंको नाउँमा भजन गाउनु असल कुरा हो। २ बिहान तपाईंका करुणाको, र राती तपाईंको विश्वसनीयताको घोषणा गर्नु, ३ तथा दश तारे सारङ्गी र वीणाको मृदु लयमा तपाईंको स्तुति गर्नु असल कुरा हो। ४ किनकि हे परमप्रभु, तपाईंले आफ्ना कामद्वारा मलाई आनन्दित तुल्याउनुभएको छ, तपाईंका हातका कार्यहरू हेरेर म हर्षले गाउँछु। ५ हे परमप्रभु, तपाईंका कार्यहरू कति महान् छन्, तपाईंका विचारहरू कति गम्भीर छन्! ६ विवेकहीन मानिसले यो जान्न सक्दैन, र मूर्खले**

**यो बुझ्न सक्दैनः ७ यद्यपि दुष्टहरू घाँसजस्तै मौलाउँछन्, र सबै दुष्टहरूको फलिफाप हुन्छ, तर तिनीहरू सधैंको निम्ति नष्ट पारिनेछन्। ८ तर तपाईं हे परमप्रभु, सदाको निम्ति उच्चमा विराजमान हुनुहुन्छ। ९ किनकि हे परमप्रभु, तपाईंका शत्रुहरू अवश्य नष्ट हुनेछन्, तपाईंका शत्रुहरू निश्चयनै नष्ट हुनेछन्, सबै दुष्टाचारीहरू तितरबितर हुनेछन्। १० तपाईंले मलाई जङ्गली साँढ़ेको जत्तिकै शक्ति दिनुभएको छ, उत्तम तेलले मेरो अभिषेक भएको छ। ११ मेरा आँखाले मेरा शत्रुहरूको हार भएको देखेका छन्, मेरा कानले मेरा दुष्ट शत्रुहरू लखेटिएका कुरा सुनेका छन्। १२ धर्मीचाहिँ खजूरको बोटझैं लहलह हुन्छ, तिनीहरू लेबनानको देवदारुजस्तै बढ्छन्, १३ तिनीहरू परमप्रभुको भवनमा रोपिएका हुन्छन्, हाम्रा परमेश्वरका चोकहरूमा तिनीहरू मौलाउँछन्। १४ बुढ़ेसकालमा पनि तिनीहरू फलदायी हुन्छन्, र तिनीहरू ताजा र हरिया रहन्छन्, १५ र घोषणा गर्छन्, "परमप्रभु भला हुनुहुन्छ। उहाँ मेरो चट्टान हुनुहुन्छ, र उहाँमा केही दुष्टता छैन।"**

परमेश्वरका महान् हातका कामहरूको प्रशंसा (भजन ९२:४,५) र धर्मीहरू अदनको बगैंचा जस्तो देखिने (भजन ९२:१२-१४) चित्रणले सृष्टिलाई औंल्याएको स्पष्ट छ। पापको प्रवेश गर्नुभन्दा अघि साबथ मनाउने पहिलो पक्ष त्यो थियो। परमेश्वर न्यायकर्ता हुनुभएकोले शत्रुहरूमाथि उहाँको विजयको गुणगान पनि भजनले गाउँछन् (भजन ९२:७-१५)। साबथको दोस्रो विषयवस्तुलाई पनि यहाँ औंल्याएको छ, त्यो दुष्ट तथा खराब तत्त्वबाट मुक्ति (व्यवस्था ५:१२-१५)। त्यसरी भजन ९२ले परमेश्वरको विगतको सृष्टिको महिमा गर्दछ भने वर्तमानमा उहाँले पृथ्वीलाई समालिरहनुभएको पनि खुलासा गरिएको छ। यसले युगको अन्तमा परमेश्वरले ल्याउनु हुने शान्ति र सुव्यवस्थालाई पनि औंल्याउँछ।

परमेश्वर अत्यन्तै उच्चको हुनुभएकोले भक्तजनहरू साबथमा विश्राम लिन सक्छन् (भजन ९२:१)। उच्च स्थानहरूमा उहाँको सर्वोच्च स्थान भएकोले भक्तजनहरूका शत्रुहरूमाथि अतुलनीय फाइदा भएको हुन्छ।

यद्यपि, परमेश्वर उच्च स्थानमा हुनुभएतापनि उहाँलाई बोलाउने भक्तजनहरू तिनीहरूलाई उद्धार गर्न उहाँ सधैं तत्पर हुनुहुन्छ। परमेश्वरको सृष्टि र मुक्तिको कामले मानिसहरूले उहाँको आराधना गर्न र उहाँलाई प्रेम गर्न प्रेरित हुनुपर्दछ। यस पतित संसारमा मुक्तिको आशाबिना जिउनुको कुनै अर्थ छैन।हामी माया गरौंला, दुःख पाऔंला र मरौंला तर अनन्त जीवनको

आशाबिना (यो प्रक्रियामा लाग्नु हामी पशुभन्दा गएगुज्रेको हुन्छौं र अझ भन्ने हो भने निष्ठुर र आशारहित मानिसको अस्तित्वले पशुको पनि बेइज्जत हुन्छ, कुनचाहीँ पशुले आमसंहार गर्न अस्त्रहरू बनाउँछ र?)। त्यसकारण, प्रभुको प्रशंसा उहाँ हाम्रो सृष्टिकर्ता भएर मात्र होइन उहाँ हाम्रो मुक्तिदाता पनि हुनुभएकोले गर्नुपर्दछ।

"ताजा तेल" भन्ने सन्देशले भजनको लेखकको परमेश्वरलाई सेवा गर्ने नयाँ भक्तिको पुननविकरण गर्नु हो। उनी परमेश्वरको सेवक हुन पुनसमर्पित भएको हुन्छ (भजन ९२:१०)। पौराणिक इस्राएलमा चुनिएका पुजाहारी र राजाहरूलाई तेलले अभिषेक गरिन्थ्यो (प्रस्थान ४०:१५, १ शमूएल ११:१)। तैपनि, भजनको लेखकले अनौठो हिब्रू भाषा प्रयोग गरेका छन्। त्यो हो बलाल balal। यो शब्दले केवल तेललाई मात्र बुझाउँदैन तर त्यसमा बलिको केही भाग पनि मिसाएको देखाउँछ (प्रस्थान २९:२, लेबी २:४,५)। भजनका लेखकले बलाल भन्ने विशेष शब्द प्रयोग गर्दा आफू परमेश्वरको निम्ति जीवित बलि भएर आफ्नो सम्पूर्ण जीवन नै उहाँमा समर्पित भएको देखाउन चाहन्छ (रोमी १२:१)।

साबथमा समर्पित भन्ने भावना भजनमा उल्लेख गर्दा अचम्म मान्न जरुरी छैन किनभने परमेश्वरले आफ्ना जनहरूलाई पवित्र गर्नुहुन्छ भन्ने चिन्ह साबथ हो (प्रस्थान ३१:१३)। खजुरको रूख र लेबनानको देवदारु रूखको चित्रणले परमेश्वरका जनहरू विश्वासमा बढिरहेको देखाउँछ र उहाँको अचम्मका लक्ष्यहरू र प्रेमप्रति विश्वासीहरूको सराहनालाई औँल्याउँछ। प्रभुका जनहरूसँग गरिएको अनन्तको करारको चिन्ह साबथ हो (इजकिएल २०:२०)। त्यसकारण, परमेश्वरका जनहरूको निम्त साबथ विश्राम अत्यन्तै जरुरी छ किनभने यसले तिनीहरूलाई शक्तिसम्पन्न गराउँछ। साबथको अवधारणाले उहाँलाई विश्वास गर्दै र उहाँमाथि भरोसा राख्दै करारका प्रतिज्ञाहरू पूरा गरिने प्रतिक्षामा उहाँका विश्वासीहरू रहन सक्षम बनाउँछन् (हिब्रू ४:१-११)।

***भजन ९२ फेरी दोहोर्‍याएर पढ्नुहोस्। यहाँ हाम्रो निम्ति के महान् आशा कोरिएको छ? यसमा के भनिएको छ त्यसले अहिले नै हामीलाई कसरी सान्त्वना पाउँदछौं?***

## ५. हर्ष र आनन्द बिहान आउँछ

देहायका पदहरूमा दिनको कुन समयमा परमेश्वरको उद्धार आउँछ भनेर प्रतीकको रूपमा दिएको छ र किन? हेर्नुहोस्, भजन ५:३ "हे परमप्रभु, बिहानै तपाईंले मेरो सोर सुन्नुहुन्छ। सबेरै तपाईंको अगि मेरो प्रार्थना राख्दछु, र आशामा पर्खन्छु।", भजन ३०:५ "किनकि उहाँको क्रोध क्षणभरिको मात्र हुन्छ, तर उहाँको निगाह आजन्म रहन्छ, आँसु रातभरि मात्र बग्छ, तर बिहान आनन्द आउँदछ।", भजन ४९:१४ "तिनीहरूको अन्त्य भेड़ाको जस्तै चिहानमा हुन्छ, मृत्युले तिनीहरूलाई निल्नेछ। बिहानै सोझाहरूले तिनीहरूमाथि शासन गर्नेछन्, तिनीहरूका राजकीय महलदेखि टाढ़ामा तिनीहरूका देह चिहानमा कुहेर जानेछन्।" भजन ५९:१६ "तर मचाहिँ तपाईंका शक्तिको स्तुति गाउनेछु, बिहानै तपाईंका प्रेमको प्रशंसा गाउनेछु, किनकि तपाईं मेरो किल्ला र मेरो दु:खको दिनमा शरणस्थान हुनुहुन्छ।", भजन ९२:१-२ "१ परमप्रभुको प्रशंसा गर्नु, र हे सर्वोच्च, तपाईंको नाउँमा भजन गाउनु असल कुरा हो। २ बिहान तपाईंका करुणाको, र राती तपाईंको विश्वसनीयताको घोषणा गर्नु, ३ तथा दश तारे सारङ्गी र वीणाको मृदु लयमा तपाईंको स्तुति गर्नु असल कुरा हो।", भजन ११९:१४७ "म सूर्योदय हुन अघि उठेर मदतको लागि पुकार गर्छु, मैले तपाईंको वचनमाथि भरोसा राखेको छु। २ पत्रुस १:१९ "हामीसित भएका अगमवक्ताहरूको वचन अझ निश्चित भएको छ। झिसमिसे उज्यालो नहोउञ्जेल र तिमीहरूका हृदयमा बिहानको तारा नउदाउञ्जेल अन्धकारमा बलिरहेको दियोलाई झैं तिमीहरूले त्यस वचनलाई ध्यान दियौ भने असल गर्नेछौ।" र प्रकाश २२:१६ "म येशूले आफ्ना दूतलाई तिमीकहाँ मण्डलीहरूका निम्ति यो गवाही दिन पठाएको छु। दाऊदका मूल र सन्तान, अनि बिहानको चहकिलो तारा म नै हुँ।"

परमेश्वरको उद्धार गर्ने काम प्रायजसो बिहान हुन्छ भनेर अपेक्षा गर्नुपर्छ भनेर भजनका लेखकहरूले बताउँछन्। परमेश्वरको निगाह बिहान प्रकट हुन्छ। लामो रातभरको दु:ख, कष्ट, द्वन्द्व र उदासिनता बिहान अन्त हुन्छ (भजन १३०:५)। भजन १४३मा परमेश्वरले वर्तमान मृत्युको अन्धकारलाई (भजन १४३:३) बिहानको उज्यालोमा उल्ट्याइ दिनुहुन्छ (भजन १४३:८)। खाल्डोमा जाकिएकालाई (भजन १४३:७) धार्मिकता वा सोझो बाटोमा लगाउनुहुन्छ (भजन १४३:१०)।

मर्कूस १६:१-१० पढ्नुहोस्। हामीले चर्चा गरिरहेको बिहान के हुन्छ र हाम्रो निम्ति त्यो सुनौलो बिहान किन महत्त्वपूर्ण छ? हेर्नुहोस्, "१ शबाथ-दिन बितेपछि मरियम मग्दलिनी र याकूबकी आमा मरियम र सलोमीले सुगन्धित द्रव्य येशूको शरीरमा घस्नलाई किने। २ साताको पहिलो दिनमा बिहानै घाम झुल्कँदा तिनीहरू चिहानमा गए। ३ अनि तिनीहरूले आपसमा भने, "हाम्रा निम्ति चिहानको ढोकाको ढुङ्गा कसले हटाइदेला? ४ अनि मास्तिर हेर्दा तिनीहरूले चिहानको त्यो ढुङ्गा हटाइराखेको देखे। त्यो ढुङ्गा खूब ठूलो थियो। ५ अनि चिहानभित्र पसेर तिनीहरूले सेतो वस्त्र लाएको एक जना जवान मानिसलाई दाहिनेपट्टि बसिरहेको देखे, र तिनीहरू आश्चर्यचकित भए। ६ तर उनले तिनीहरूलाई भने, "आश्चर्य नमान, तिमीहरू नासरतका येशूलाई खोज्दछौ, जो क्रूसमा टाँगिनुभएको थियो। उहाँ जीवित भई उठ्नुभएको छ। उहाँ यहाँ हुनुहुन्न। उहाँलाई राखेको ठाउँ हेर। ७ जाओ, र उहाँका चेलाहरू र पत्रुसलाई भनिदेओ कि उहाँ तिमीहरूका अगिअगि गालीलमा जाँदैहुनुहुन्छ। उहाँले तिमीहरूलाई भन्नुभएबमोजिम तिमीहरू उहाँलाई त्यहाँ देख्नेछौ।" ८ तिनीहरू निस्केर चिहानबाट दौड़े, किनकि डर र आश्चर्यले तिनीहरू कामिरहेका थिए। अनि तिनीहरूले कसैलाई केही भनेनन्, किनकि तिनीहरू डराएका थिए। ९ हप्ताको पहिलो दिनको बिहानै उहाँ जीवित भई उठ्नुभएपछि उहाँ पहिले मरियम मग्दलिनीकहाँ देखा पर्नुभयो। तिनीबाट येशूले सात वटा भूतहरू निकाल्नुभएको थियो। १० मरियमले गएर उहाँका चेलाहरूलाई यो खबर दिइन्। तिनीहरू विलाप गर्दै रोइरहेका थिए।"

येशू ख्रीष्टको पुनरुत्थानको बिहानले परमेश्वरको मुक्तिको अनन्त बिहानको ढोका खोलिएको थियो। उहाँलाई विश्वास गर्ने सबैलाई त्यो मुक्ति उपलब्ध छ। जब येशूका चेलाहरूले पुनरुत्थान हुनुभएको येशूलाई देखे तब भजन ३०:५ चरितार्थ भएको थियो "आँसु रातभरि मात्र बग्छ, तर बिहान आनन्द आउँदछ।" येशूका चेलाहरू रातभर बिलाप गरिरहेका थिए। परमेश्वरको निगाह र बिनाशर्त हामीमा हुने प्रेमले मात्र हाम्रा रोदन वा विलाप आनन्दमा परिणत हुन्छ (भजन ३०:५,७)।

जसरी बिहानीको ताराले नयाँ दिनको जन्मदिनको घोषणा गर्दछ, त्यसरी नै परमेश्वरका जनहरूमा भएको विश्वासले अनन्त जीवनको वास्तविकतालाई घोषणा गर्दछ (२ पत्रुस १:१९)। येशूलाई चम्किलो र बिहानीको तारा भनेर सम्बोधन गरिएको छ (प्रकाश २२:१६)। उहाँको राज्य

स्थापना गर्न हामी उत्सुकतापूर्वक पर्खिरहेका छौं। त्यसबेला रात, खराब र मृत्यु कहिल्यै फेरि हुनेछैन (प्रकाश २१:१-८,२५)। अन्तमा आएर हामीले गर्ने सबै चर्चाहरूलाई छोडेर हाम्रा प्रभुको प्रतिक्षामा छौं भनेर चर्चा गर्दछौं। येशूको आगमनको प्रतिक्षा निश्चयनै हाम्रो निम्ति दामी छ।

"युशूफको बहालमा लिएको चिहानमा ख्रीष्टले बिजयउल्लाससाथ यो घोषणा गर्नुभएको थियो, 'पुनरुत्थान र जीवन मै हुँ'। परमेश्वरले मात्र ती शब्दहरू उच्चारण गर्न सक्नुहुन्छ। सबै सृष्टि जीवहरू परमेश्वरको चाहना र शक्तिले बाँचिरहेको हुन्छ। परमेश्वरबाट आउने जीवनमा तिनीहरू भर परिरहेको हुन्छ। उच्च स्वर्गदूतदेखि निच जीवलाई जीवनको स्रोतबाट नै जीवन बगिरहेको हुन्छ। परमेश्वरसँग एक हुनुभएकोले मात्र यो भन्न सक्नुहुन्छ '१७ पिताले मलाई यसैकारण प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण फेरि फिर्ता लिने हेतुले अर्पण गर्छु। १८ कसैले मबाट मेरो प्राण लिन सक्दैन, तर म आफ्नै इच्छाले आफ्नो प्राण अर्पण गर्दछु। आफ्नो प्राण अर्पण गर्ने अधिकार मसित छ, अनि फेरि लिने अधिकार पनि मसित छ। यो आज्ञा मैले मेरा पिताबाट पाएको छु।" यूहन्ना १०:१७,१८ ख्रीष्टको ईश्वरीय स्वभावमा मात्र मृत्युका सिक्रीहरू चुँडाल्न सक्नुहुन्छ।"-एलेन जी. ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ७८५।

***हामी जन्मेकै बेलामा हाम्रो कोषहरूका मृत्यु लेखिरहेको हुन्छ भन्ने कहावत छ। हामी पतितहरूको निम्ति यो सत्य हो तैपनि येशूको पुनरुत्थानमा हाम्रो क्षणिक वा अस्थाई मृत्युको बारेमा के प्रतिज्ञा गरिएको छ? हाम्रो निम्ति मृत्यु केवल क्षणिक मात्र हो भन्ने आत्मज्ञानलाई किन कहिल्यै पनि बिर्सिनुहुन्न?***

उपसंहारः

**थप जानकारीः एलेन जी. ह्वाइटको स्टेप्स टु क्राइस्टको पृ. ६७-७५को "ग्रोइङ्ग अप इन्टु क्राइस्ट।"**

प्रभुमा पर्खिन भजनका लेखकहरूले तिब्र अनुरोध गर्दछन्। "प्रभुमा विश्राम गर र धैर्यतासाथ उहाँको निम्ति पर्खनु" (भजन ३७:७)। पर्खँदा हामीलाई झ्याउ लाग्छ, बोझ हुन्छ र एक्लोपना भएको महसुस हुन्छ भनेर येशू स्वर्गमा उक्लिनुभएको बेलामा चेलाहरूको अवस्था कस्तो थियो सो हामीले याद गर्नुपर्छ (प्रेरित १:४-११)।

तिनीहरूकै सामुन्ने येशूलाई स्वर्गमा उत्रिनुभएको थियो। अनिश्चित भविष्यमा उहाँ फर्किने समयसम्म पर्खिन उहाँले तिनीहरूलाई आदेश दिनुभएको थियो।

येशूले तिनीहरूलाई छोडेर जानुभएको थियो। त्यस दिन येशूका चेलाहरूले जस्तो परमेश्वरको आशिष पाउन कसले तिब्र चाहना गरेका थिए होलान्? तिनीहरू सबै मिलेर यो चिच्याए होलान्, "प्रभु अहिले नै हामीलाई तपाईंसँग लानु होस्।" तैपनि पिता परमेश्वरको प्रतिज्ञा र येशूको आगमनको निम्ति प्रतिक्षा गर भनेर चेलाहरूलाई निर्देशन दिइएको थियो। चेलाहरू निराश र विचल्लित भएका थिए भन्ने कुरामा हामी अचम्म मान्नुपर्दैन। तर तिनीहरूलाई येशूले दिनुभएको निर्देशन अनुसार तिनीहरू यरुशलेममा फर्के र पवित्र आत्माको बरदानको निम्ति पर्खे, अनि संसारमा सुसमाचार तिनीहरूले शक्तिसम्पन्न भएर प्रचार गरे (प्रेरित १:१२-१४, प्रेरित २)।

यदि येशूले हाम्रो जीवनमा पवित्र आत्माद्वारा काम गर्नुभएन भने पर्खिने प्रभुको आज्ञाको केही अर्थ हुँदैन। हाम्रो कमजोर मानसिकतालाई पर्खिने आदेश पालन गर्ने कुनै पनि मानवीय उत्साहले साथ दिन सक्दैन। येशूसँग व्यक्तिगत सम्बन्ध गाढा भए मात्र उहाँलाई धैर्यतासाथ हामी पर्खिनु सक्छौं। "यदि हाम्रो हृदयमा येशू रहनुहुन्छ भने उहाँ हामीमा नै रहेर काम गर्नुहुनेछ 'उहाँको दुवै इच्छा पालन गर्न र उहाँको आफ्नै असल समयमा रमाइलो मान्दै उहाँले काम गर्नुहुनेछ।' फिलिप्पी २:१३। उहाँले जस्तै हामी काम गर्नेछौं। हामीले येशूको मनोभावना प्रकट गर्नेछौं। उहाँलाई प्रेम गरेर हामी उहाँसँग टाँसिएर बस्नेछौं। हामीले पावलले व्यक्त गरेका भावनामा हामी समाहित हुनेछौं, " १५प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ। १६ उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ।" एफिसी ४:१५-१६।" एलेन जी. ह्वाइट, *स्टेपस् टु क्राइस्ट,* पृ. ७५। जब हामी प्रभुको आगमनको निम्ति धैर्य धारण गरेर निरन्तर पर्खिरहन्छौं तब भजनसंग्रहमा व्यक्त गरेका शान्ति र

**चिन्तनमननः**

अ. हाम्रो आत्मिक जीवनमा प्रतिक्षा गर्नु किन महत्त्वपूर्ण छ? बाइबलमा उल्लेख गरेका केही आस्थाका महापुरुषहरूले गरेका प्रतिक्षाको बारेमा चिन्तन गर्नुहोस्। तिनीहरू पर्खेकोले नै तिनीहरू कसरी शुद्ध भएका थिए र तिनीहरूको विश्‍वासमा बल मिलेको थियो? रोमी ४:१९-२२, हिब्रू ११।

आ. हाम्रो प्रतिक्षा कहाँ गएर अन्त्य हुन्छ? (भजन ३७:३४-४१)। सबै कुराहरूको आखिरमा समाधान भएपछि हामीलाई के प्रतिज्ञा दिइएको छ? यस जीवनमा अन्याय, अत्याचार, शोषण, दमनले गर्दा पिरोलिएको हामीलाई यस भजनले कस्तो सान्त्वना दिन्छ? हेर्नुहोस्, "३२ धर्मी जनको हत्या गर्नलाई दुष्टहरू ढुकिबस्छन्। ३३ तर परमप्रभुले धर्मी जनलाई तिनीहरूको शक्तिमा छोड्नुहुनेछैन, न त त्यसको न्याय हुँदाखेरि त्यसलाई दोषी ठहराउन दिनुहुन्छ। ३४ परमप्रभुको प्रतीक्षा गर र उहाँकै मार्गमा हिँड्। प्रतिज्ञाको देश अधिकार गर्न उहाँले तिमीलाई उचाल्नुहुनेछ। दुष्टको विनाश तिम्रै आँखाले देख्नेछ। ३५ मैले एक जना दुष्ट र अत्याचारी मानिसलाई देखेको छु, जो सप्रेको देवदारुको वृक्षजस्तो थियो। ३६ तर त्यो चाँड़ै मऱ्यो र रहेन। मैले खोजें, तर त्यो पाउन सकिएन। ३७ निर्दोष मानिसलाई विचार गर, र सत्यनिष्ठ जनलाई हेर, किनभने शान्तिप्रिय मानिसको सन्तान हुन्छ। ३८ तर अपराधीहरूचाहिँ सखापै हुनेछन्, दुष्टका सन्तानचाहिँ बहिष्कृत हुनेछन्। ३९ धर्मी जनहरूको उद्धार परमप्रभुको तर्फबाट हुन्छ, दुःखको समयमा उहाँ नै तिनीहरूको शरणस्थान हुनुहुन्छ।" भजन ३७:३२-३९।

इ. मरेकाहरूको बारेमा सोच्दा र तिनीहरूको आफ्नै अनुभवलाई हेर्दा (उपदेशक ९:५) तिनीहरूको निम्ति प्रभुको प्रतिक्षा अन्त भइसकेको हुन्छ। यसबाट हामीले पनि के आशा पाउन सक्छौं?

# कथा १३
# लक्ष्यप्रेरित युवा
# नाथान (भारत)



लेबनानमा मिसिनेरी सेवा गरेर आफ्नो घर भारतमा फर्किंदा नाथन ६ वर्षको थियो। ऊ सानै थियो र सुसमाचार प्रचार गर्ने सेवा कार्यक्रममा भाग लिन उसको चासो थिएन।

तर जब नाथान १२ वर्षको भयो तब स्थितिमा परिवर्तन हुन थाल्यो। चर्चमा एक साबथ पछि अर्को साबथमा बालबालिकाहरूका मिसन कथाहरू सुन्दा ऊ आकर्षित हुन थाल्यो। उसले पुराना, नयाँ, बालबालिका, युवा र वयस्कहरूको मिसन कथाहरू पढन थाल्यो। जब उसले कथाहरू पढ्यो तब परमेश्वरको निम्ति केही गर्ने चाहना उसको दिमागमा उब्जिन थाल्यो। "यदि परमेश्वरले मेरो उमेरका केटाकेटीहरूलाई प्रयोग गर्नुहुन्छ भने उहाँले मलाई किन प्रयोग गर्नु हुन्न?" उसले सोच्यो।

अनि कोभिड-१९को महामारीले भारतमा महिनौंसम्म लकडाउन भयो। नाथानको बुबा पास्टर थिए। बाबुआमाहरूको अनुरोधमा उनले अनलाइनबाट युवाहरूको निम्ति बाइबल अध्ययन गर्ने कार्यक्रम चलाउन थाले। लकडाउनको समयमा मानिसहरू चर्चमा जान सक्दैनथे। अनलाइनमा सुरुमा केही युवाहरू मात्रै थिए तब पछि १५ जनाले भाग लिए। १० वर्षका मुनिका केटाकेटीहरूले पनि भाग लिन थालेका थिए।

अनि आफ्नो बाबुले आमासँग कुरा गरेको नाथानले सुन्यो, "युवाहरूको कार्यक्रममा साना बालबालिकाहरूले भाग लिन ठिक छैन। अनलाइन बाइबल सिक्ने समूहमा दुई विशेष तहका सहभागीहरू छन्।"

अनि खाने बेलामा नाथानले आफ्नो विचार बाबुआमासँग राख्यो। उसले साना नानीहरूलाई कार्यक्रम राख्ने प्रस्ताव राख्यो। बाबुआमाले मन पराए र तुरन्तै सुरु गर्न उत्साह दिए। नाथानले घरमा भएको पुस्तकालयका सामग्रीहरू उत्तेजित भएर तुरन्तै हेर्न थाल्यो। उसले प्रत्येक कार्यक्रमा अर्थर माक्सवेलका बाइबलका कथाहरूबाट कथा पढ्ने र लिन्डा कोहलको परमेश्वरले मलाई २८ तरिकाहरूले प्रेम गर्नुहुन्छ भनेर छोटो बाइबल अध्ययन

गर्ने निर्णय गऱ्यो। परमेश्वरले नाथानको प्रयासलाई आशिष दिनुभयो। छर छिमेकी र भारतका अन्य ठाउँहरूबाट अनलाइन बालसङ्गति सामेर भए। प्रत्येक हप्ता १२ बालबालिकाहरू त्यस कार्यक्रममा भाग लिएका थिए।

## अझ धेरै गर्ने चाहना

बाइबल अध्ययन समूहको अगुवा गर्न नाथानलाई रमाइलो नै लागेको थियो।परमेश्वरको काममा उहाँले उसलाई प्रयोग गरिरहनुभएको उसले अनुभव गऱ्यो। तर उसले अझ धेरै काम गर्न चाहेको थियो।

एक वर्षपछि कोभिड-१९ को लकडाउन हत्यो। आफ्नो प्राणको निम्ति सङ्घर्ष गरिरहेकी केटीको बारे उसले प्रवचन सुन्यो। उनको निम्ति उनका साथी, छिमेकी र टाढाका मिसिनेरीहरूले प्रार्थना गर्दै थिए। त्यो केटी आफू मर्नुभन्दा तीन महिना मात्र प्रार्थना गरेकी थिइन् भनेर प्रचारकले सुनाए। तर उनको प्रार्थानाले धेरै मानिसहरूलाई प्रभावित पारेको थियो।

नाथानले सोच्यो, "म पनि प्रार्थना गर्नुपर्छ। स्कुलका मेरा साथी, अरू साथी र छिमेकीमा रहेका युवायुवतीहरूको निम्ति म प्रार्थना गर्न सक्छु," उसले सोच्यो। नाथन पढेको सेभेन्थ-डे एडभेन्टिस्ट स्कुलमा कक्षाहरू सुरु भएको थियो। उनका धेरै साथीहरू येशूको आस्थामा थिएनन्।

कसको लागि प्रार्थना गर्ने भनेर नाथानले सोचे। येशूप्रतिको विश्‍वासमा चासो देखाउनेहरूलाई पहिले प्रार्थना गर्ने निधो गरयो। तिनीहरूको निम्ति प्रार्थना गर्नु नै उपलब्धीमूल भएको उसले सोच्यो। अनि उसको साथी अरुणको निम्ति प्रार्थना गर्न सुरु गऱ्यो। बिहानको आराधनामा अरुण गाउन मन पराएको र आराधनमा दिएको वचन उसले ध्यानसँग सुनिरहेको उसले देखेको थियो। त्यसकारण, उसले अरुणको निम्ति प्रार्थना गर्न थाल्यो।

एक दिन नाथानले अरुणलाई भन्यो, "मलाई खुशी लाग्छ कि तिमीले येशूको बारेमा चासो देखाएका छौ।" अरुण धेरै मुस्कुराएर भन्यो, "मलाई गीतहरू गाउन मन लाग्छ। धेरै समय अघिदेखि नै मैले येशूलाई मेरा अरू देवीदेवताहरूमध्ये एकलाई ग्रहण गरेको छु।" नाथानले उसको बारेमा अरू जान्न चाह्यो। "तिम्रा बाबुआमाल यस इसाई स्कुलमा तिमीलाई किन भर्ना गऱ्यो?" नाथानले सोध्यो।

"हामी गाउँको खेतबारीमा रहन्छौं। हाम्रो घर नजिक आउने स्कुलको बस केवल एडभेन्टिस्ट स्कुलको मात्रै थियो। तिनीहरूको कुराकानी पछि तिनीहरूको बिचमा विशेष मित्रता गाँसिन पुग्यो। जब समय भयो तब नाथानले

अरुणलाई येशूलाई आफ्नो प्रेमको बारेमा सुनाउँथ्यो। ती बिऊहरू बढेर फलदायी होस् भनेर उसको निम्ति प्रार्थना गर्दथ्यो।

जब नाथानले येशूको बारेमा चर्चा गर्दथ्यो तब जय नाउँ गरेको कक्षाको अर्को केटाले उसले पूजेका देवीदेवताहरूको शक्तिको बारेमा बखान गर्दथ्यो। आफ्नो परिवारको आस्थाप्रति जय गम्भिर थियो। उसले दिनदिनै टिका लगाएर स्कुलमा आउँथ्यो। जयले उसका देवताहरूकोव बारेमा नाथानलाई सुनाउन थाल्यो। जयको निम्ति पनि नाथानले प्रार्थना गर्न थाल्यो।

एक दिन नाथानले आराधनाको समयमा कम्प्युटर चलायो। नाथानको कम्प्युटर ज्ञान प्रति जय प्रभावित भयो। नाथानको प्रशंसा गर्दै आफ्नो धर्मको भजन बजाउन सक्छु कि भनेर सोध्यो।

नाथानले मिथो मिजासमा भन्यो, "म त इसाई सङ्गित र भजन मात्र बजाउँछु।" त्यस पछि जयले नाथानसँग धेरै महिनासम्म केही बोलेन। नाथानले अरू साथीहरूको निम्ति प्रार्थना गर्दै रहे। परमेश्वरले तिनीहरूको हृदय छुनुभएकोमा उसलाई आनन्द लागिरहेको थियो।

एक दिन जय नाथानकहाँ आएर अचानक भन्यो, "मलाई प्रभुको प्रार्थना सिकाइ देऊ।" नाथानले त विश्वासै गर्न सकेन। जयको निम्ति प्रार्थना गर्न आवश्यक नभएको नाथानले सोचको थियो। अब त उसले प्रभुको प्रार्थना पो सिकाइ देऊ भन्छ।

येशूलाई आफूले प्रेम गरेको बारेमा नाथानले जयलाई सुनाउन थाल्यो। समय बितेपछि जयले उसका देवीदेवताहरूको बारेमा सुनाउन रोकेको नाथानले महसुस गर्‍यो। कहिलेकाहीँ त ऊ टिका नै नलगाइकन स्कुलमा आएको नाथानले देख्यो।

"हाम्रो प्रभुले जयलाई सत्यको विरोध गर्नुबाट सत्यलाई खोज्ने साथी भएको छ। म विश्वास गर्छु कि केही समयमा नै जयले सत्यलाई भेट्टाउनेछ र सत्यले उसलाई स्वतन्त्र गर्नेछ," नाथानले बतायो।

परमेश्वरको काममा आफूलाई प्रयोग गरिरहेको छ भनेर नाथान विश्वस्त छ। अझ धेरै काम गर्न उसले प्रार्थना गर्दैछ।

-आन्ड्र्यु मेकचेस्नी